नेपाल सरकार
Government of Nepal

हृदयेश त्रिपाठी
मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

Hridayesh Tripathi
Minister
Ministry of Federal Affairs and General Administration
Singhdarbar, Kathmandu, Nepal



# माननीय मन्त्री हृदयेश त्रिपाठीको तर्फबाट निजामती सेवा दिवस, २०७७ को उपलक्ष्यमा जारी गरिएको शुभकामना सन्देश

**स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन** भन्ने मूल नाराका साथ मनाउन लागिएको १७औं निजामती सेवा दिवसको उपलक्ष्यमा निजामती सेवामा आवद्ध सबै राष्ट्रसेवक निजामती कर्मचारीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। निजामती सेवाले आफ्नो स्थापना कालदेखि हालसम्म विभिन्न आरोह अवरोह पार गर्दै आइरहेको छ। औपचारिक रूपमा वि.सं. २०१३ साल भाद्र २२ गते निजामती सेवा ऐन जारी भएको सम्झनास्वरूप यो दिवस मनाउन थालिएको र सो दिवसको अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने निजामती कर्मचारीहरूलाई पुरष्कृत समेत गर्ने आजको दिन निजामती सेवाका लागि गौरवको दिन समेत रहेको छ।

देश सङ्घीयतामा रूपान्तरण भएसँगै तीन तहका कार्यकारिणी मार्फत निजामती सेवा सञ्चालनमा रहेको छ। यस सन्दर्भमा सङ्घ, प्रदेश एवं स्थानीय तहका सम्पूर्ण कर्मचारीहरूमा उच्च मनोबल कायम राख्न विद्यमान सेवा, सर्त, वृत्ति विकास र अवसरमा विभेद नहुने गरी संसद्मा विचाराधीन रहेको सङ्घीय निजामती सेवा ऐन जारी गर्ने र त्यसकै मार्गदर्शनमा रहेर प्रदेश निजामती एवं स्थानीय सेवा ऐन जारी हुने विश्वास लिएको छु। यसरी जारी गरेको ऐनले सम्पूर्ण निजामती कर्मचारी तथा निजामती सेवालाई आफ्नो वृत्तिपथको रूपमा अगाडि बढाउन लालायित वर्गमा समेत सहयोग पुग्ने अपेक्षा लिएको छु। साथै सो व्यवस्थाले कर्मचारीहरू उत्प्रेरित भई आफ्नो उत्कृष्ट कार्यसम्पादनमार्फत सेवा प्रवाह गर्नमा अग्रसर हुनेछन् भन्ने विश्वास लिएको छु।

देशको समग्र विकास र नागरिकको सेवामा समर्पित यो सेवाले राज्य सञ्चालनमा स्थायी सरकारको रूपमा कार्य गर्दै आइरहेको सन्दर्भमा नेपाल सरकारले लिएको **समृद्ध नेपालः सुखी नेपाली**को मूल नारालाई पूर्णरूप प्रदान गरी राष्ट्रको समृद्धि र सुशासन कायम राख्न निजामती कर्मचारी सक्षम, प्रविधिमैत्री, अनुशासित, मर्यादित र कामप्रति प्रतिबद्ध रहनु अत्यावश्यक हुन्छ। यस वर्ष कोभिड-१९ का कारणले सरकारले लक्ष्य गरेबमोजिमको उद्देश्य हासिल गर्न नसके तापनि कोभिड-१९ को सङ्क्रमण, रोकथाम तथा नियन्त्रणको अग्रपंक्तिमा रहेर निजामती सेवामा कार्यरत कर्मचारीले गरेको अतुलनीय योगदानका लागि म हार्दिक धन्यवाद दिन चाहन्छु।

राजनीति र प्रशासनबीच पछिल्लो समयमा विभिन्न मतभेदहरू रहेका छन्। यद्यपि राजनीति र प्रशासनको स्पष्ट सीमारेखा तय गरी राज्यको समग्र विकासमा दुवै पक्ष अगाडि बढेमा राष्ट्रको बृहत्तर हित हुने निश्चित छ। राजनीतिक नेतृत्वले लिएको लक्ष्य एवं उद्देश्य प्राप्तिमा राष्ट्रसेवक कर्मचारीले आफ्नो जिम्मेवारीमा सदैव अग्रसर हुन सकेमा स्थायी सरकारको रूपमा रहेको सार्वजनिक प्रशासनको श्रीवृद्धि गर्न यस दिवसले हामी सबैलाई उत्साह र प्रेरणा मिल्ने विश्वास राखेको छु। अन्त्यमा, निजामती सेवा दिवसको अवसरमा उत्कृष्ट कार्यसम्पादन गरेबापत पुरस्कृत हुने कर्मचारीहरूलाई हार्दिक बधाई प्रदान गर्दै निजामती सेवा थप व्यावसायिक, स्वच्छ, सक्षम, पारदर्शी, निष्पक्ष, भ्रष्टाचाररहित, जनमुखी र परिणाममुखी बनाउन आजको यस महत्त्वपूर्ण दिनले हामी सबैलाई मार्गदर्शन गर्न सकोस् भन्ने शुभकामना सहित निजामती सेवा दिवस, २०७७ को सफलताको शुभकामना व्यक्त गर्दछु।

२२ भदौ, २०७७

मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार।

9851002222
Email: triphridayesh1959@gmail.com